# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १४ अप्रेल २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. दार्जीलिङ लोकसभा सीटमा चुनाव प्रचार झन तातिन्दै गएको छ। भाजपाको चुनावी संकल्प पत्रमा गोर्खाको मुद्‌दा छैन भन्दा विपक्षी दलहरूले कड़ा आलोचना गरेका छन्।

२. कालेबुङमा बांगला दिवस भव्य रूपमा पालन गरियो।

३. दार्जीलिङ पहाड़मा डा. भीमराव अम्बेडकरको जन्म जयन्ती भव्य रूपमा पालन गरियो।

४. बंगला नयाँ साल पहिलो बौशाख भारतीय राज्यहरू पश्चिम बंगाल, त्रिपुरा, असम अनि बंगलादेशमा धुमधामसित पालन गरियो।

५. बिहार उत्तर प्रदेश सहित नेपालमा पनि आज चैती छठ पर्व पालन गरिन्दैछ।

६. भारतले नेपालका विभिन्न जिल्लामा रहेका स्वास्थ्य र शिक्षा क्षेत्रमा काम गर्ने कैयन संघ-संस्थाहरूलाई ३५ वटा एम्बुलेन्स र ६६ वटा स्कूल बस उपहार स्वरूप प्रदान गरेको छ।

**चुनाव प्रचार**

दार्जीलिङ लोकसभा सीटमा चुनाव प्रचार तातिन्दै गएको छ। बी.जी.पी.एम-टी.एम.सी-को साझा उम्मेद्वार गोपाल लामाले आज सिलगढ़ीको सालबारीमा एक चुनावी जनसभालाई सम्बोधित गर्नुभयो भने गोपाल लामाको पक्षमा बी.जी.पी.एम नेता र जीटीए प्रमुख कार्यपाल अनित थापाले मिरिकको सौरेनीमा चुनाव प्रचार गरे। बी.जे.पी-जी.जे.एम.एम-जी.एन.एल.एफ-सी.पी.आर.एम-का साझा उम्मेद्वार राजु विष्टले आज दार्जीलिङमा रोड शोद्वारा चुनाव प्रचार गरे। यसै गरी कंग्रेस-सी.पी.एम साझा उम्मेद्वार मुनिस तामाङले दार्जीलिङ, सुकिया पोखरी र मिरिकमा चुनाव प्रचार गरे भने स्वतन्त्र उम्मेद्वार बन्दना राईले पानीघट्टा क्षेत्रमा चुनाव प्रचार गरिन्। विभिन्न राजनीतिक दलका स्थनीय स्तरका नेताहरूले पनि आ-आफना समष्टीमा आ-आफना उम्मेद्वारको पक्षमा चुनाव प्रचार गरिरहेका छन्। बीजेपी-कंग्रेस-टीएमसीले एक-अर्का विरूद्ध तीखो हमला गर्दै चुनाव प्रचार गरिरहेका छन्। यसै बीच भाजपाले आज नयाँ दिल्लीमा आफनो चुनावी संकल्प पत्र जारी गरयो। यस संकल्प पत्रमा गोर्खाको मुद्‌दाको उल्लेख नगरिएको भन्दै बीजेपीका बागी विधायक र स्वतन्त्र उम्मेद्वार बी.पी बजगाईले प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाहमाथि तिखो हमला गरेका छन् भने बीजेपी उम्मेद्वार राजु विष्टले यो संकल्प पत्र विकसित भारत बनाउने संकल्प पत्र हो भनी बताएका छन्।

****** ० ******

**अनित थापा प्रतिक्रिया**

भारतीय जनता पार्टीको चुनावी घोषणा पत्रमा गोर्खा जातिको मुद्दा नभएपछि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा अध्यक्ष अनित थापाले भाजपाको संकल्प पत्रले टिएमसी उम्मेदवार गोपाल लामालाई जिताउने संकेत दिएको बताउनु भएको छ। उहाँले संकल्प पत्रमा बिकासको निम्ति राज्य अनि स्थानीय सरकारको परामर्शमा बिकास गरिने उल्लेख गरिएको बताउनु भयो। यसका साथै उहाले चुनावमा जनताले सोचेर मतदान गर्दै पहाड बिकासको रुपरेखा तयार पर्न सहयोग गर्ने आह्वान पनि गर्नु भएको छ।

****** ० ******

**गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष मन घिसिङले आज सिन्चेल देवी मन्दिरमा पुजा आर्चना गरि जोरबङ्लोमा भाजपा प्राथी राजु बिष्टको पक्षमा चुनाव प्रचार गर्नु भयो। यसैक्रममा पार्टी अध्यक्ष मन घिसिङले जनसम्पर्क अभियान गर्नु हुदै राजु बिष्टलाई गोर्खा जातिको मुद्दा पार लगाउन आफ्नो बहुमुल्य भोट दिएर बिजयी बनाउने आह्वान गर्नु भयो।

****** ० ******

**मिथुन चक्रवर्ती**

भाजपाका स्टार प्रचारक तथा अभिनेता मिथुन चक्रवर्ती आज उत्तर बंगाल पुग्नु भएको छ। उहाँले जलपाईगुडी जिल्लाको मैयनागुढ़ी जलपाईगुडी लोकसभा केन्द्रको भाजपा उम्मेदवार डा. जयन्त रायको समर्थनमा रोड शो गर्नु हुनेछ। मैयनागुढ़ी जानुअघि बाघडुग्रा विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै पश्चिम बंगालमा परिवर्तन आवश्यक रहेको बताउनु भयो।

****** ० ******

**दिलिप घोष**

भारतीय जनता पार्टीका बर्धमान दुर्गापुर सिटका उम्मेदवार दिलीप घोष आज प्रचारका लागि निस्कँदा पार्टीको एक समर्थकको दोकानमा ताला लागेको देखेर आक्रोशित हुनु भयो। उक्त समर्थकको दोकान विगत तीन वर्षदेखि बन्द रहेको र यसको लागि श्री घोषले त्रिनमुल कांग्रेस जिम्मेवार रहेको बताउनु भयो। उहाँले भन्नु भयो जब सम्म त्रिनामुल कांग्रेसको कार्यालयमा ताला लाग्दैन तब सम्म भाजपा समर्थकको दोकान बन्द नै रहनेछ।

****** ० ******

**लकेट च्याटर्जी**

बंगला नव वर्षको दिन हुगली लोकसभा आसनबाट  भारतीय जनता पार्टी (भाजपा) उम्मेद्वार लकेट च्यटर्जीले पार्टी कार्यकर्ता अनि समर्थकहरूलाई साथमा लिएर चन्द्रनगरको रानी घाटदेखि नौकामा सवार भइ गंगा नदीमा नौकाको माध्यमबाटै चुनाउ प्रचार गर्नु भयो। यस क्रममा उहाले विशेष पूजा गर्नु भयो अनि मानिसहरूलाई बंगला नव वर्षको बधाई दिनु भयो साथै उहाले देशको संस्कृति र बंगला संस्कृतिलाई बचाउनको लागि भाजपालाई भोट दिने मानिसहरूसित आह्वान गर्नु भयो।

****** ० ******

**बंगाल दिवस कालेबुङ**

कालेबुङमा भव्य रूपमा बांग्ला दिवस पालन गरियो। कालेबुङ जिल्ला प्रशासनद्वारा दिशा हलमा आयोजित गरिएको थियो। पहिलो बैशाख नव वर्षको उपलक्ष्यमा विगत केही वर्षदेखि १४ अप्रेल बैशाखीलाई लक्ष्य गरी विश्व बांगला दिवस पालन गरिन्छ। यस अवसरमा बांगला भाषामा केही कविता पाठ गरियो तथा सांस्कृतिक कार्यक्रम पनि गरियो। नेपाली भाषामा पनि कविताहरू पाठ गरियो। यस कार्यक्रममा उपस्थित जिल्लापाल बालासुब्रमणियमूले बंगालको समृद्ध संस्कृति, भाषा र साहित्यबारे मानिसहरूलाई अवगत गराउनु साथै देशको स्वतन्त्रता संग्राम, राजनीतिक योगदान साथै देशको आर्थिक विकासमा बंगालको योगदानलाई स्मरण गर्न यो बंगाल दिवस पालन गरिन्छ भनी बताउनु भयो। उहाँले बंगाली र नेपाली नव वर्षको सबैलाई शुभकामना पनि दिनुभयो। यस समारोहमा विभिन्न विद्यालय र नर्सिंग स्कूलका विद्यार्थीहरूको सहभागिता थियो। महकुमा शासक, खण्ड विकास अधिकारीहरू र अन्य गणमान्य व्यक्तिहरू यस समारोहमा उपस्थित थिए।

****** ० ******

**अम्बेदकर जयन्ती**

दार्जीलिङ र कालेबुड जिल्लामा भव्य रूपमा अम्बेडकर जयन्ती पालन गरियो। आज बाबा साहब भीमराव अम्बेडकरको १३४ औं जन्म जयन्तीको अवसरमा पहाड़ र समतलका अनुसूचित जनजातीका संघ संस्थाहरूले तथा राजनीतिक दलहरूले कैयन स्थापनामा अम्बेडकर जयन्ती पालन गर्दै उहाको योगदान संविधान लेखन, सामाजिक समरसताको क्षेत्रमा गरिएको उपलब्धीहरूको उल्लेख गरे तथा उहाको चित्रमाथि माल्यार्पण गर्दै श्रद्धासुमन अपिर्त गरे। दार्जीलिंगको जी.डी.एन.एस हलमा आयोजित समारोहमा लोकसभा सांसद राजु विष्टले श्रद्धांजली अर्पित गर्नुभयो। जीटीएका प्रमुख कार्यपाल अनित थापा लगायत जी.जे.एम.एम अध्यक्ष विमल गुरूंग, जी.एन.एल.एफ अध्यक्ष मन घिसिंग, कंग्रेस नेता मुनिस तामांग, हाम्रो पार्टी नेता अजय एडवर्डले बाबा साहबलाई श्रद्धांजली अर्पित गर्नुभयो। तीनधारेको वरिष्ठ नागरिक कल्याण समाज भवनमा अनुसूचित जातिका संस्थाले भव्य समारोह आयोजित गरयो। दार्जीलिंग, मिरिक, खरसांग, कालेबुड, सिलगढ़ीका विभिन्न स्थानहरूमा भीमराव अम्बेडकर जयन्ती पालन गरियो।

**अभिषेक ब्यनर्जी अम्बेडकर जयन्ति**

तृणमूल कांग्रेस नेता अभिषेक ब्यनर्जीले आज भारतका संविधान निर्माता बाबासाहेब डा. भीमराव अम्बेडकरलाई उनको जयन्तीमा श्रद्धाञ्जलि अर्पण गर्नु भएको छ। श्री ब्यनार्जीले एक सोसल मिडिया पोस्टमा भन्नु भएको छ, बाबासाहेब अम्बेडकरको जयन्तीमा म भारतीय संविधानका दूरदर्शी वास्तुकारलाई विनम्र श्रद्धाञ्जलि अर्पित गर्दछु।

****** ० ******

**सीएम ममता ब्यनार्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आन्ध्र प्रदेशका मुख्यमन्त्री जगनमोहन रेड्डीमाथि भएको आक्रमणप्रति दुःख व्यक्त गर्नु भएको छ। उहाले आज एक सोशल मिडिया पोस्टमा उल्लेख गर्नु भएको छ, जगन मोहन रेड्डी जीमाथि हमलाको खबर सुनेर म छक्क परेको छु। उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। स्मरण रहोस आन्ध्र प्रदेशका मुख्यमन्त्री तथा वाईएसआरसीपी प्रमुख जगनमोहन रेड्डी हिज राति ढुंगा प्रहारमा घाइते हुनु भएको छ। जगनमोहन रेड्डीमाथि यो हमला अजित सिंह नगरमा भएको थियो। रोड शो-को क्रममा ढुंगा प्रहार भएपछि मुक्यमंत्री रेड्डीको निधारमा चोट लागेको छ।

****** ० ******

**पोइला बैशाख**

बंगाली नयाँ वर्ष पोइला वैशाख आज पश्चिम बंगाल, त्रिपुरा, आसाम साथै बंगलादेशमा परम्परागत हर्षोल्लासको साथ मनाइँदैछ। पोइला वैशाख बंगाली भाषी मानिसहरूको समावेशी र संस्कृतिको प्रतीक रहेको यस पर्वमा लक्ष्मी र गणेशलाई स्वागत गर्न घर-घरलाई अल्पनाले सजाइन्छ। पश्चिम बंगाल राज्यमा पोइला बैशाख अर्थात बंगाली नयाँ वर्षको दिन आज राज्यभरि उत्साहको वातावरण छ। दुर्गा पूजापछि बंगालमा मनाइने यो सबैभन्दा ठूलो पर्व हो। यस अवसरमा आज  बिहानैदेखि राज्यभरिका मानिसहरू पूजा अर्चना गर्न विभिन्न मन्दिरमा पुगे। आजबाट नयाँ बंगला क्यालेन्डर वर्ष १८३१ सुरु भएको छ। बंगालमा आजको दिन चलन अनुसार बंगाली भाषीहरूले एकअर्कालाई मिठाई खुवाउँछन् र बंगाली नयाँ वर्षको शुभकामना आदानप्रदान गर्छन्।

****** ० ******

**चौती छठ**

भारतको बिहार र उत्तर प्रदेशमा मनाइँदै आएको चौती छठ आज नेपालको तराई क्षेत्रमा हिन्दू धर्मावलम्बीहरुले मनाएका छन्। चौती छठमा सूर्य देवता र छठी मैयाको पूजा गरिन्छ। चार दिनसम्म चल्ने यो पर्वमा विभिन्न अनुष्ठान, व्रत र सूर्यदेवलाई अर्घ दिने गरिन्छ। चौती छठ पारिवारिक जमघट, सामुदायिक बन्धन र आध्यात्मिक नवीकरणको समय हो।

****** ० ******

**भारत-नेपाल उपहार**

भारतले नेपालका विभिन्न जिल्लामा रहेका स्वास्थ्य र शिक्षाको क्षेत्रमा कार्यरत विभिन्न संघ-संस्थाहरुलाई आज ३५ वटा एम्बुलेन्स र ६६ वटा स्कूल बस उपहार दिएको छ। नेपालको तर्फबाट वित्तमन्त्री वर्षमान पुनको उपस्थितिमा भारतीय राजदूत नवीन श्रीवास्तवले वाहनहरुको चाबी हस्तान्तरण गर्नु भयो। श्री पुनले नेपालमा जारी भारत सरकारका विभिन्न विकास परियोजनाको प्रशंसा गर्दै यसले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई बलियो बनाएको बताउनु भयो।

****** ० ******

************